# आज २०६७ माघ २२ गते हामी
# सातौं वर्ष पूरा गरी
# आठौं वर्षमा प्रवेश गर्दै छौं ।

यस सुखद उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक एवम् उपभोक्ताहरुलाई आगामी दिनहरूमा पनि स्तरीय तथा विश्वसनीय सेवा उपलब्ध गराई दूरसञ्चार सेवामा समर्पित हुने प्रण गर्दछौं।

# नेपाल टेलिकम

# नेपाल टेलिकम

(नेपाल दूरसञ्चार कम्पनी लिमिटेड)

# सातौं वार्षिकोत्सव स्मारिका

## २०६७

# NEPAL TELECOM

## *(NEPAL DOORSANCHAR COMPANY LIMITED)*

*7th Anniversary Souvenir*

2011

प्रकाशन मिति : २०६७ माघ २२ गते

**सम्पादन समिति**

| | | |
|---|---|---|
| भगतमान सिंह प्रधान | : | संयोजक |
| लोचन लाल अमात्य | : | सदस्य |
| विनोद कुमार शर्मा | : | सदस्य |
| राजन कुमार अधिकारी | : | सदस्य |
| दिनेश कुमार रेग्मी | : | सदस्य |
| लक्ष्मण अधिकारी | : | सदस्य |

| | | |
|---|---|---|
| ले-आउट/आवरण डिजाइन | : | नगेन्द्र स्याङ्बो/ज्ञानेन्द्र स्याङ्बो |
| शुद्धाशुद्धी | : | रोहिणी घिमिरे |


यस स्मारिकामा व्यक्त विचारहरु लेखकका निजी हुन् र प्रस्तुत तथ्यांकको जिम्मेवारी लेखक स्वयम्मा हुनेछ ।

– संयोजक

नेपाल सरकार
सूचना तथा सञ्चारमन्त्रीको
निजी सचिवालय
सिंहदरबार, काठमाडौं



# शुभकामना

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड आफ्नो सातौं वर्ष पूरा गरी आठौं वर्षमा प्रवेश गर्न गइरहेको अवसरमा कम्पनीबाट स्मारिका प्रकाशन हुन लागेकोमा मलाई अत्यन्त खुसी लागेको छ ।

यस कम्पनीले विविध धरातलीय स्वरूप र भौगोलिक विकटताका बाबजुद छोटो समयमा नै सबै जिल्ला सदरमुकामहरूमा द्रुत गतिको Broad Band ADSL इन्टरनेट सेवा र सबै गाविसमा टेलिफोन सेवाको पहुँच पुऱ्याई नेपाली जनतालाई भूमण्डलीकरणको मूल प्रवाहमा समाहित गराउन महत्वपूर्ण योगदान पुऱ्याएको छ । कम्पनीले मुनाफा आर्जनलाई मात्र प्राथमिकता नदिई सेवाको विस्तार र विकासमा केन्द्रित रही विपन्न र पिछडिएको वर्ग तथा समुदायको पहुँचमा सर्वसुलभरूपमा सेवा पुऱ्याउँदै राष्ट्रिय अर्थतन्त्रमा ईंटा थप्नु आफैंमा प्रशंसनीय पक्ष हो र अन्य सार्वजनिक संस्थाका लागि अनुकरणीय उदाहरण पनि हो ।

जनताको आवश्यकतालाई बोध गर्दै नयाँ–नयाँ सुविधा प्रदान गर्न र सेवाग्राहीको हितलाई संरक्षण गर्दै सेवाको स्तरोन्नति एवम् नवीन प्रविधि अवलम्बन गर्न कम्पनी थप क्रियाशील र प्रतिबद्ध रहनेछ । प्रतिस्पर्धात्मक बजारमा कम्पनीको सशक्तीकरणमा सेवाग्राहीको आकर्षणले विशेष महत्व राख्ने भएकाले कम्पनी व्यवस्थापन र आमकर्मचारीहरूको हालसम्मको प्रयास र लगनशीलतामा वृद्धि भएर जानेछ भन्ने विश्वास लिएको छु ।

दूरसञ्चारसम्बन्धी विविध सूचनामूलक र ज्ञानवर्द्धक सामग्रीहरूलाई समेटेर प्रकाशन हुन लागेको यो स्मारिका पठनीय र संग्रहणीय बन्नेछ, साथै दूरसञ्चारसम्बन्धी चासो लिने सबैका लागि उपयोगी हुनेछ भन्ने शुभकामना व्यक्त गर्दै वार्षिकोत्सवको अवसरमा कम्पनीमा कार्यरत कर्मचारी, शेयरधनी एवम् सेवाग्राही सबैलाई हार्दिक बधाई एवम् धन्यवाद ज्ञापन गर्दछु ।

(शङ्कर पोखरेल)
मन्त्री
सूचना तथा सञ्चार

**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सिंहदरबार, काठमाडौं**



# शुभकामना

सूचना तथा सञ्चारका क्षेत्रमा सबैको पहुँच पुऱ्याई सामाजिक तथा आर्थिक अवसरहरू विस्तार गर्ने र समष्टिगत राष्ट्रिय विकास एवम् राष्ट्रिय एकीकरणमा योगदान पुऱ्याउने उद्देश्य साकार पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको नेपाल टेलिकम यही २०६७ माघ २२ देखि कम्पनी स्थापनाको ७ वर्ष पूरा गरी आठौं वर्षमा पदार्पण गर्दै छ ।

दूरसञ्चार प्रविधिको क्षेत्रमा देशकै अग्रणी सेवाप्रदायकको रूपमा शहरदेखि विकट ग्रामीण क्षेत्रसम्ममा ग्राहकहरूको चाहनाअनुसार सस्तो, भरपर्दो र सर्वसुलभ दूरसञ्चार सेवा उपलब्ध गराउने प्रतिबद्धताअनुरूप आज नेपाल टेलिकमले आफ्नो सेवा देशका ७५ वटै जिल्ला र ३९१५ गाविस एवम् ५८ नगरपालिकासम्म विस्तार गर्दै ६२ लाखभन्दा बढीको ग्राहक आधार स्थापित गर्न सफल भएको छ । यसको अलावा स्थापनाकालदेखि नै निरन्तर मुनाफा आर्जन गर्न सक्षम यो कम्पनी हाल सरकारलाई सबैभन्दा बढी राजस्व तिर्ने संस्थाको रूपमा गर्वको अनुभूति गरिरहेको छ ।

आज दूरसञ्चार सेवाप्रदायकबीच प्रतिस्पर्धात्मक वातावरण रहेकोले एकातिर सेवाको विविधीकरण र न्यूनतम मूल्यमा गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने अवस्था रहेको छ भने अर्कोतर्फ नेपाल सरकारको अत्यधिक लगानी रहेको यस कम्पनीले सेवाको पहुँच नपुगेका, न्यून आर्थिकस्तर रहेका अधिकांश जनसंख्या बसोबास गर्ने दुर्गम क्षेत्रमा बृहत् लगानीसाथ सेवा विस्तार गर्दै प्रत्येक नागरिकलाई विश्व गाउँ (Global Village) को सदस्य बनाउने सामाजिक दायित्व निर्वाह गर्नुपर्ने अवस्थासमेत विद्यमान छ ।

प्रतिस्पर्धात्मक वातावरणमा आमउपभोक्ताको विश्वासमा नै कम्पनीको प्रगति निर्भर रहने भएकोले उपभोक्तावादको सैद्धान्तिक मान्यताअनुरूप आफूले प्रदान गर्ने सेवाको लागि जिम्मेवार हुनुपर्ने, उपभोक्ताउपर अनुचित लाभ लिन नहुने र पर्याप्त सूचना दिनुपर्ने सिद्धान्त (Caveat Venditor), उपभोक्तालाई सम्मान गर्नुपर्ने सिद्धान्त (Principle of Respectfulness) र उपभोक्तालाई छनोटको अधिकारदेखि मर्काको विरूद्ध सुनुवाइ पाउने अधिकारसम्म रहने अर्थात् Consumer as a king in Market भन्ने मान्यता राख्ने सिद्धान्त (Theory of Consumer Sovereignty) तर्फ नेपाल टेलिकम सदैव सचेत रहिरहनेछ ।

आठौं वर्ष प्रवेशको अवसर पारेर सूचना तथा सञ्चार क्षेत्रका विज्ञहरूका समसामयिक लेख-रचनाहरू समेटी प्रकाशन हुन लागेको सातौं वार्षिकोत्सव स्मारिका समस्त दूरसञ्चारकर्मीहरूको मुटुको धड्कन बन्न सफल रहोस् भन्ने आशाका साथ नेपाल टेलिकमलाई यहाँसम्म ल्याइपुऱ्याउन सहयोग पुऱ्याउनुहुने उपभोक्ता, शेयर लगानीकर्ता, व्यवस्थापक, इमानदार तथा लगनशील कर्मचारी एवम् समस्त शुभचिन्तकहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै आगामी दिनमा सबैको सहयोगमा कम्पनी अझै पुष्पित र पल्लवित भई उन्नतिको शिखर चुम्न सक्षम हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु । धन्यवाद !

**सुशील घिमिरे**
सचिव, सूचना तथा सञ्चार मन्त्रालय
तथा
अध्यक्ष, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

# प्रतिबद्धता



मुलुकको विषम भौगोलिक यथार्थलाई चुनौतीको रूपमा स्वीकार्दै विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि नेपाल टेलिकमले सेवा विस्तारका क्षेत्रमा थप कोसेढुंगा खडा गर्न सफलता पाएको छ । आज माघ २२ गते कम्पनीको सातौं वार्षिकोत्सवका अवसरमा कम्पनीका सफलता तथा प्रयासहरू समस्त शुभचिन्तक महानुभावहरूमा व्यक्त गर्न पाउँदा गौरव महसुस गरेको छु ।

मुलुकको दूरसञ्चार क्षेत्रलाई समष्टिगतरूपमा हेर्ने हो भने कम्पनीले मुलुकका पचहत्तरै जिल्लाका कम्तीमा पनि सदरमुकाममा मोबाइल सेवाअन्तर्गत GSM र CDMA तथा स्थानीय सेवाअन्तर्गत PSTN र CDMA-Fixed सेवा सञ्चालन गरिरहेको छ । Internet प्रविधि र त्यसमा पनि Broadband Internet को सेवा उपलब्ध गराउन कम्पनीले PSTN मार्फत ADSL सेवा, GSM अन्तर्गत GPRS र 3G सेवा तथा CDMA अन्तर्गत PDSN र EVDO सेवासमेत सञ्चालनमा ल्याएको छ । गत पुस महिनामा भोजपुर जिल्लामा ADSL उपकरण जडान गरी सञ्चालन गरेपश्चात् मुलुकका पचहत्तरै जिल्ला सदरमुकाममा कम्पनीले ADSL सेवाको पहुँच पुऱ्याउन सफलता पाएको छ । यिनै सेवाहरूको विकास-विस्तारबाट कम्पनीले मुलुकका शहरी र ग्रामीण क्षेत्रका बीचको खाडल (डिजिटल डिभाइड) न्यूनीकरण गर्न योगदान पुग्ने अपेक्षा लिएको छ ।

बजार विस्तारसम्बन्धी तथ्यांकअनुसार गत ७ वर्षको अवधिमा कम्पनीको ग्राहक आधार ४ लाख २२ हजारबाट वृद्धि भई गत पुस महिनाको तेस्रो हप्तासम्ममा करिब ६१ लाख ९२ हजार पुगिसकेको छ । अर्कोतर्फ, आर्थिक तथ्यांकअनुसार यस आ.व. २०६६/६७ मा कम्पनीको राजस्व गत आ.व. २०६५/६६ मा भन्दा २२.३० प्रतिशतले वृद्धि भई रू. २७ अर्ब २२ करोड पुगेको छ । कम्पनीको आयकरपछिको मुनाफा आ.व. २०६५/६६ को तुलनामा करिब ६ प्रतिशतले वृद्धि भई रु. १० अर्ब ७७ करोड पुगेको छ ।

दूरसञ्चार क्षेत्रसँग सम्बन्धित विभिन्न उपयोगी विषयहरूका साथै कम्पनीले उपलब्ध गराउँदै आएका तथा भविष्यमा उपलब्ध गराउने सेवाहरूसम्बन्धमा यस स्मारिकाबाट पाठकवर्गलाई प्रशस्तै जानकारी प्राप्त गर्न सक्ने विश्वास लिएको छु । प्रतिस्पर्धात्मक वातावरणमा दूरसञ्चार क्षेत्रको विकासका लागि कम्पनीले सामना गर्नुपर्ने चुनौतीलाई सहजरूपले स्वीकार गर्न कर्मचारीवर्गमा आवश्यक पर्ने सकारात्मक सोच तथा जोश-जाँगर पनि यस प्रकाशनको निरन्तरताले प्राप्त हुने आशा लिएको छु । यसै अवसरमा स्मारिका प्रकाशन समितिका सदस्यहरूमा धन्यवाद ज्ञापन गर्दछु ।

सर्वसाधारण नेपाली जनताको सहयोग, ग्राहकवर्गको सद्भाव एवम् कर्मचारीवर्गको लगनशीलता र मेहनतको कारणले गर्दा नै एकपछि अर्को वर्ष गर्दै कम्पनी सफलताको दिशातर्फ उन्मुख भइरहन सकेको हो । मुलुकमा अत्याधुनिक प्रविधियुक्त, उच्च गुणस्तरीय, सर्वसुलभ एवम् ग्राहकमुखी दूरसञ्चार सेवाको विस्तारलाई अझ व्यापक गर्दै व्यावसायिक कारोबार वृद्धि गरेर शेयरधनी महानुभावहरूलाई उचित प्रतिफल प्रदान गर्दै जाने दृढता व्यक्त गर्दछु ।

कम्पनीको वार्षिकोत्सवको उपलक्ष्यमा आदरणीय उपभोक्तावर्ग, शेयरहोल्डर महानुभावहरू तथा नेपाल सरकारका सम्बन्धित सबै निकायहरूप्रति आभार व्यक्त गर्दै कम्पनीको सफलताका लागि सक्रिय सम्पूर्ण कर्मचारीवर्गलाई धन्यवाद ज्ञापन गर्दछु । कम्पनीको स्रोत, साधन तथा जनशक्तिको अधिकतम परिचालन गरेर दूरसञ्चार क्षेत्रमा कम्पनी निरन्तर अग्रपंक्तिमा रहिरहन प्रयत्नशील रहने प्रतिबद्धता व्यक्त गर्दछु ।

धन्यवाद !

**अमरनाथ सिंह**

**प्रबन्ध निर्देशक**

**नेपाल टेलिकम**

२०६७।१०।२२

# सम्पादकीय

दूरसञ्चार सेवा विस्तारमा सफलताका चुलीहरू उक्लिँदै  नेपाल टेलिकम आज २०६७ माघ २२ गते कम्पनीमा रूपान्तरण भएको सात वर्ष पूरा गरी आठौं वर्षमा प्रवेश गर्दै छ। यस अवसरले कम्पनीको व्यावसायिक सफलतामा योगदान पु¥याउने सबैलाई उत्साहित बनाएको छ। यही उत्साहले राष्ट्र र सेवाग्राहीप्रतिको जिम्मेवारी अझ थप भएको बोध गराएको छ। कम्पनीको सेवा विस्तारमा भएको व्यापक प्रगति तथा व्यावसायिक सफलताले उपभोक्ताहरूमा निश्चय नै कम्पनीप्रतिको भरोसा बढाएको हुनुपर्छ। सेवाग्राहीहरूको आशा र भरोसालाई मूर्तरूप दिने कार्यमा निरन्तर कटिबद्ध भइरहन हामीलाई यस वार्षिकोत्सवले निश्चय नै अझ प्रेरणा दिनेछ।

देशको विकट भौगोलिक परिस्थिति, प्रतिकूल राजनीतिक स्थितिका बीच पनि कम्पनीको उपस्थिति नेपालका सम्पूर्ण गा.वि.स.हरूमा भएको छ। सबै गा.वि.स.लगायत, शहरोन्मुख ग्रामीण बजार तथा शहरी क्षेत्रमा सेवा पु¥याई करिब ६२ लाख ग्राहकहरूसँग आत्मीयता गाँस्न कम्पनी सफल भएको छ। कम्पनीले यसै वर्ष ७५ जिल्लाका सदरमुकामहरूमा द्रुतगतिको इन्टरनेट (ADSL) सेवा पु¥याई सेवाग्राही एवम् स्थानीय बासिन्दालाई सूचना सञ्जालमा थप आबद्ध गराएको छ। यसले मुलुकको दूरसञ्चार बजारमा नेपाल टेलिकमको नेतृत्वदायी भूमिकालाई अझ उचाइ प्रदान गरेको छ।

नयाँ मूल्य र प्रविधिमा आधारित गुणस्तरीय दूरसञ्चार सेवा सर्वसुलभरूपमा उपलब्ध गराउने कार्यमा कम्पनी निरन्तररूपमा लागिरहेको छ र भविष्यमा पनि यस कार्यमा लागिरहन सफलता मिल्नेछ भन्ने कुरामा हामी विश्वस्त छौं। उपभोक्ताहरूको सुझावको सम्मान गर्दै आफ्ना सेवाहरूको विस्तार र गुणस्तर सुधारमा कम्पनीले प्राथमिकता दिँदै आएको छ। सेवाग्राहीप्रतिको उचित जिम्मेवारी वहन गर्ने  कार्यमा कम्पनी कदापि हिचकिचाउनेछैन। साथै कम्पनीमा सर्वसाधारणको शेयर लगानी भइसकेको वर्तमान अवस्थामा लगानीको सुरक्षाको प्रत्याभूति दिँदै त्यसको उचित प्रतिफल दिन कम्पनी सधैँ प्रतिबद्ध रहेको छ।

दूरसञ्चार बजारमा भइरहेको प्रतिस्पर्धाका कारण एकातिर सेवाको मूल्य घट्ने क्रममा रहेको छ भने अर्कोतर्फ दूरसञ्चार प्रविधिमा भइरहेको द्रुत परिवर्तनका कारण उपकरण र प्रविधि छिटो-छिटो विस्थापन गर्नुपर्ने हुँदा लगानी बढाउनुपर्ने अवस्था छ। यसले कम्पनीको मुनाफा दरमा असर पार्न सक्ने देखिन्छ। यस्तो परिस्थितिमा हामी कर्मचारीहरूले आफ्नो कार्यक्षमता तथा उत्पादकत्व वृद्धि गर्नु  र खर्चमा मितव्ययिता अपनाउनु नै बुद्धिमानी हुने देखिन्छ। यस सन्दर्भमा उच्च व्यवस्थापनले चाल्ने कदममा सम्पूर्ण कर्मचारीहरूको सहयोग वाञ्छनीय छ।

यस स्मारिकामा प्रकाशित लेख, रचना एवम् सृजनाहरू र सो मार्फत प्राप्त सुझावहरू कम्पनी व्यवस्थापनलाई पृष्ठपोषणको रूपमा ग्रहणीय हुनुको साथसाथै अनुसन्धान, शोधकार्य तथा विश्लेषणात्मक अध्ययनको लागि पाठ्यसामग्रीको रूपमा महत्व राख्न सक्दछ। स्मारिकाको नियमित प्रकाशनले लेख, रचना, सृजनाप्रति आकर्षण बढाई कर्मचारीमा उत्प्रेरणा अभिवृद्धि गराउन केही न केही हदसम्म सफलता मिल्ने हामीले अपेक्षा गरेका छौं। साथै उपलब्ध सेवाहरूको बारेमा विविध जानकारीमूलक सन्देशहरू सम्प्रेषण गरी सेवाको व्यावसायिक प्रवर्द्धनमा सहयोगी हुन सक्नेसमेत विश्वास लिइएको छ।

अन्त्यमा स्मारिकालाई स्तरीय, त्रुटिरहित एवम् थप अध्ययन सामग्रीको रूपमा नियमितता दिने प्रतिबद्धता व्यक्त गर्दै सुझावहरूको अपेक्षा गर्दछौं। आफ्ना अमूल्य लेख, रचना, सृजना, अनुभवहरू पठाई हाम्रो प्रयासलाई साकार तुल्याइदिनुहुने सम्पूर्ण लेखक, रचनाकार, सर्जकहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छौं। साथै स्मारिकामा शुभकामना सन्देश प्रदान गरी हामीलाई प्रोत्साहन दिनुभएकोमा माननीय सूचना तथा सञ्चारमन्त्रीज्यू, सूचना तथा सञ्चार मन्त्रालयका सचिवज्यू, कम्पनी व्यवस्थापन, साथै स्मारिका प्रकाशनमा प्रत्यक्ष र परोक्ष योगदान पु¥याउनुहुने सबैलाई स्मारिका प्रकाशन समिति हार्दिक कृतज्ञता अर्पण गर्दछ ।

**स्मारिका प्रकाशन समिति**

२०६७

# विषय सूची

# Table of Contents

## सातौं वार्षिकोत्सव स्मारिका

## 7th Anniversary Souvenir 2011


| क्र.सं. | विषय | लेखक | पृष्ठ संख्या |
|---|---|---|---|
| १. | कम्पनीको प्राथमिकता : उचित मूल्यमा गुणस्तरीय सेवा : (अन्तर्वार्ता) | - लक्ष्मण अधिकारी | ११ |
| २. | दूरसञ्चारको टेन्डर प्रणालीमा सुधारका आवश्यकता र सुझावहरू | - विश्वनाथ गोयल | १५ |
| ३. | नेपालमा पुँजी बजारको सम्भावना र अवसर | - बुद्धि प्रसाद आचार्य | १७ |
| ४. | ग्राहक सेवा आजको आवश्यकता | - मधुसूदन कर्माचार्य | १९ |
| ५. | जोखिम व्यवस्थापन तथा राजस्व प्रत्याभूति आजको आवश्यकता | - सुधीर प्रसाद अर्याल | २१ |
| ६. | दूरसञ्चार : बृहत् अवसर र सम्भावनाको क्षेत्र | - टंकलाल श्रेष्ठ | २३ |
| ७ | नेपाल टेलिकमको सुन्दर भविष्य ? कसरी ? | - सुरेन्द्र प्रसाद थिके | २६ |
| ८. | Strategic Partnership in NT | - Shiv Bhushan Lal | २८ |
| ९. | Strategic Investment | - Surya Bhakta Pokharel | ३० |
| १०. | ३५ बर्से सेवाकालका केही अनुभूतिहरू | - हिरण्य कुमार भट्टराई | ३३ |
| ११. | NGN ठेक्का रोकिएपछि अवलम्बन गर्नुपर्ने बाटो | - सुनिल कुमार पोखरेल | ३७ |
| १२. | नेपाल टेलिकममा विद्यमान विसंगति तथा नकारात्मक प्रवृत्ति : तत्काल सुधारको खाँचो | - नवीनकुमार तिवारी | ३९ |
| १३ | विकासको महत्वपूर्ण पूर्वाधार एडीएसएल सम्पूर्ण जिल्लामा | - लक्ष्मण अधिकारी | ४१ |
| १४. | व्यापार सहजीकरणमा दूरसञ्चार सेवाको भूमिका र नेपालको स्थिति | - डिल्लीराम उप्रेती | ४५ |
| १५. | प्रतिस्पर्धा र नेपाल टेलिकम | - मनिल ओझा | ४८ |
| १६. | LTE Technology and Ecosystem: An Opportunity for Nepal Telecom | - Bimal Acharya | ५० |
| १७. | उपभोक्ताको नजरमा नेपाल टेलिकम | - चक्रपाणि शर्मा | ५६ |
| १८. | Respecting citizen's right to information by Audio Notice board service | - Navin Lal Shrestha | ५८ |
| १९. | नेपाल टेलिकमको कर्मचारी विनियमावली २०६१ मा संशोधन सम्भावना | - राजेन्द्र नेपाल | ६१ |
| २०. | कर्मचारी प्रशासनका आधारभूत विषयहरू | - राजुबाबु अर्याल | ६४ |
| २१ | नेपाल टेलिकम : सधैं एक नम्बरमै भइरहनुपर्छ | - अरूण कुमार मल्लिक | ६७ |
| २२. | नरहे बाँस नबजे मुरली ... | - चक्रपाणि आचार्य | ६९ |
| २३. | नेपाल टेलिकममा सेवा सञ्चालन आय र यसका चुनौतीहरू | - गोविन्द अवस्थी | ७० |
| २४. | स्वेच्छिक अवकाश (VRS) किन ? | - गोपाल ढकाल | ७३ |
| २५. | किन जवाफदेही बन्न डराउँछौं ? | - राजाराम शर्मा | ७६ |
| २६. | IP Telephony at Nepal Telecom Softphone : A Glance | - Ranjeet Lohia | ७८ |
| २७ | Managing Projects- *The planning aspect* | - Pradeep Raj Upadhyay | ८० |

| | | | |
|---|---|---|---|
| २८. | Strategy & Leadership | - Rabindra Jha | ८५ |
| २९. | Policy and Regulatory Intervention for Telecom Growth in Rural Nepal | - Ananda Raj Khanal | ८९ |
| ३०. | अपराध अनुसन्धानमा दूरसञ्चार नेटवर्कको प्रयोग | - कैलाश प्रसाद न्यौपाने | ९४ |
| ३१. | टेलिकमको सेवा वितरण र यसको प्रभावकारिता | - एकनारायण अर्याल | ९७ |
| ३२. | सार्वजनिक संस्थानहरूबीच नेपाल टेलिकम | - दिनेश कुमार रेग्मी | १०० |
| ३३. | नेपाल टेलिकम किन बलियो हुनुपर्छ ? | - रामचन्द्र भट्ट | १०५ |
| ३४. | नेपाल टेलिकमले तत्काल सुधार गर्नुपर्ने पक्षहरू | - राजेन्द्र कुमार दाहाल | १०७ |
| ३५. | Nepal Telecom's Challenges Ahead | - Mohan Purna Satyal | ११० |
| ३६. | Point to Ponder: Attitude @ Work ! | - Rajesh Joshi | ११२ |
| ३७. | कार्य-संस्कृति परिवर्तनको खाँचो | - ईश्वरचन्द्र रिमाल | ११५ |
| ३८. | अभिलेख व्यवस्थापन (Record Management) | - राधा सिम्खडा | ११८ |
| ३९. | नेपाल टेलिकमको इजिफोन सेवा | - प्रतिभा वैद्य | १२२ |
| ४०. | सुन्दर बिहानी, गोधूलि साँझ मेरो शुभकामना | - कैलाश भट्ट | १२४ |
| ४१. | कर्मचारी व्यवहार र सुधारको पक्ष | - बद्री प्रसाद ढकाल | १२५ |
| ४२. | अब त केही गरौं | - मोहन घिमिरे | १२७ |
| ४३. | नेपाल टेलिकममा व्यवस्थापन र कर्मचारी युनियनको भूमिका | - श्यामसुन्दर प्रसाद यादव | १२९ |
| ४४. | **CDMA** सेवाको हालको अवस्था र भावी योजनाहरू | - सरोज मान सिंह प्रधान,<br>- सुरेन्द्र कर्माचार्य | १३१ |
| ४५. | Working Performance | - Mahesh Bhattarai | १३४ |
| ४६. | अवैध कल बाइपास नियन्त्रणका प्रयासहरू | - उमेश दाहाल | १३५ |
| ४७. | आर्थिक विकासमा टेलिकमको भूमिका | - सरस्वती ढकाल | १३८ |
| ४८. | वर्तमान अवस्थामा नेपाल टेलिकम | - पशुपति गिरी | १४१ |
| ४९. | कम्पनीका सुन्दर पाटाहरू | - ढुन बहादुर बुढाथोकी "संघर्ष" | १४३ |
| ५०. | दूरसञ्चार सेवा सञ्चालन तथा सेवाग्राहीमा कानुनी व्यवस्थाका प्रभावहरू | - राम कुमार के.सी. | १४६ |
| ५१. | टेलिकम | - सुनिल ताम्राकार | १४७ |
| ५२. | Redefining Corporate Culture | - Bhuwan Raj Chataut | १४८ |
| ५३. | Responsibility Accounting and Its<br>Relevance in Nepal Telecom | - Purushottam Sharma | १५१ |
| ५४. | उपभोक्ताहरूको अनुभवमा नेपाल टेलिकम | - भोलानाथ दाहाल | १५४ |
| ५५. | अनुभूति : सञ्चार क्षेत्रमा सुधारका अवस्था | - हरिहरसिंह राठौर | १५७ |
| ५६. | दूरसञ्चारकर्मीहरूको साझा संस्था धनसार सहकारी 'खर्च घटाऔं, बचत गरौ' | - कुल बहादुर आचार्य | १५९ |
| ५७. | टेलिकमको सेवा | - विश्वनाथ ढुंगेल | १६० |
| ५८. | २५ वर्ष स्थायी सेवा अवधि पुगेका कर्मचारीहरूको नामावली विवरण | | १६१ |